नेपाल राष्ट्र बैंकको प्रयोजनको लागि मात्र

# नेपाल राष्ट्र बैंक नोट तथा सिक्का नियमावली
# २०५९


नेपाल राष्ट्र बैंक
केन्द्रिय कार्यालय
कानून महाशाखा
२०६६

# नेपाल राष्ट्र बैंक नोट तथा सिक्का नियमावली, २०५९

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले ♦नेपाल सरकारको स्वीकृति लिई देहायको नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "नेपाल राष्ट्र बैंक नोट तथा सिक्का नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।
(ख) "बैंक" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।
(ग) "समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको बैंकको सञ्चालक समिति सम्झनु पर्छ ।
♦(घ) "मुद्रा व्यवस्थापन विभाग" भन्नाले बैंक अन्तर्गत रहेको मुद्रा व्यवस्थापन विभाग सम्झनु पर्छ ।
♦(ङ) ..........
(च) "नोट" भन्नाले नगदको रुपमा चलनचल्तीमा रहेको बैंक नोट सम्झनु पर्छ ।
(छ) "सिक्का" भन्नाले नगदको रुपमा चलनचल्तीमा रहेको धातु वा धातुहरुको सम्मिश्रण रहेको सिक्का सम्झनु पर्छ ।
(ज) "स्मारिका सिक्का" भन्नाले जुनसुकै धातु वा धातुहरुको सम्मिश्रण रहेको बैंकबाट बिशेष अवसरमा निष्कासन गरिएको स्मारिका सिक्का सम्झनु पर्छ ।
(झ) "अमौद्रिकीकरण" भन्नाले कानूनी ग्राह्य हुने गरी चलनचल्तीको लागि निष्काशन गरिएका बैंक नोट तथा सिक्का मध्ये कुनै दर वा अवधिको बैंक नोट वा सिक्कालाई नियम ६ बमोजिम कुनै निर्धारित मिति पछि कानूनी रुपमा ग्राह्य नहुने गराई चलनचल्तीबाट खिच्ने वा हटाउने कार्य सम्झनु पर्छ ।
(ञ) "माष्टर डाई" भन्नाले सिक्का टकमरी गर्ने प्रयोजनका लागि वर्किङ्ग डाई बनाउने मूल डाई सम्झनु पर्छ ।
(ट) "वर्किङ्ग डाई" भन्नाले सिक्का टकमरी गर्ने माष्टर डाईबाट बनाइएको सिक्का टकमरी गर्ने डाई सम्झनु पर्छ ।
(ठ) "डिजाइन समिति" भन्नाले नियम १० बमोजिम गठित नोट तथा सिक्का डिजाइन समिति सम्झनु पर्छ ।
(ड) "कार्य व्यवस्था समिति" भन्नाले नियम १३ बमोजिम गठित नोट तथा सिक्का कार्य व्यवस्था समिति सम्झनु पर्छ ।

---

♦ प्रथम संशोधन २०६६ द्वारा संशोधित
♦ प्रथम संशोधन २०६६ द्वारा हटाईएको

♦३. **नोट तथा सिक्का सुरक्षित राख्नु पर्ने** : बैंकले नयाँ नोट तथा सिक्का निष्काशन गर्दा मुद्रा व्यवस्थापन विभागले नोटको हकमा एक सय थान नोट र सिक्काको हकमा एक सय थान सिक्का आफ्नो ढुकुटीमा सुरक्षितसाथ राख्नु पर्नेछ । यसरी सुरक्षित राखिएको नोट तथा सिक्का कारोबारको लागि निष्काशन गर्न पाईने छैन ।

४. **सिक्काको सट्टा भर्ना दिइने** : आगोले पोलिई, घस्रिई वा अन्य कुनै किसिमले चलनचल्ती योग्य नभएका सिक्काको सट्टा भर्नाको लागि दावी पेश हुन आएमा बैंकबाट दर यकिन गरी पूरा मूल्य सट्टा भर्ना दिइने छ ।

तर सट्टा भर्नाको लागि दावी पेश भएको यस्तो सिक्काको दर यकिन गर्न नसकिएमा सट्टा भर्ना दिइने छैन ।

५ **नोट वा सिक्का अमौद्रिकीकरण गर्न सक्ने** : बैंकले चलनचल्तीमा रहेका कुनै दरका नोट वा सिक्काहरुको अमौद्रिकीकरण गर्नु पर्ने भएमा औचित्य खोली आवश्यकता अनुसार त्यस्तो दरका नोट वा सिक्काहरुलाई अमौद्रिकीकरण गर्न सक्नेछ ।

६. **जारी गरिएको नोट तथा सिक्का खिच्ने वा फिर्ता लिने** : (१) चलनचल्तीमा रहेका कुनै दरका नोट वा सिक्काहरु बैंकले नियम ५ बमोजिम अमौद्रिकीकरण गर्दा त्यस्तो नोट वा सिक्काहरुलाई बैंकले सोधभर्ना दिने गरी नोट वा सिक्काहरु खिच्दा वा फिर्ता लिँदा बैंकले तोकिदिएको बैंकको कार्यालय वा निकायमा बुझाउन ल्याउन कम्तीमा तीन महीनाको म्याद दिई सार्वजनिक सूचना प्रकाशन र प्रसारण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बैंकले तोकेको म्याद भित्र तोकेको कार्यालय वा निकायमा दावी पेश नभएमा त्यसता नोट वा सिक्काको पछि सोधभर्ना दिइने छैन ।

७. **नोट वा सिक्का नष्ट गर्ने प्रक्रिया** : (१) यस नियमावली बमोजिम अमौद्रिकीकरणको प्रयोजनको लागि खिचिएको वा फिर्ता लिएको नोटलाई बैंकले नेपाल राष्ट्र बैंक नोट धुल्याउने नियमावली, २०५९ बमोजिम धुल्याउनेछ ।

(२) यस नियमावली बमोजिम अमौद्रिकीकरणको प्रयोजनको लागि खिचिएको वा फिर्ता लिएको सिक्कालाई देहायको प्रक्रिया अपनाई नष्ट गरिनेछः-

(क) सिक्कालाई बीच भागबाट काटी दुई टुक्रा पार्ने, वा
(ख) मेसिनद्वारा सिक्काको आकृति बिभागी कुच्याउने ।

८. **बिक्री गर्न सक्ने** : नियम ७ बमोजिम नष्ट पारिएका सिक्काको टुक्राहरु (स्क्राप) लाई समितिले तोकेको प्रक्रिया अनुसार बैंकले बिक्री गर्न सक्नेछ ।

९. **डाईहरु सुरक्षित राख्नु पर्ने** : (१) टकमरी कार्यको निमित्त वर्किङ्ग डाई बनाउने प्रयोजनका लागि झिकिएको अवस्थामा बाहेक अन्य अवस्थामा माष्टर डाई टक्सार विभागका प्रमुख र फाँट प्रमुखको संयुक्त जिम्मेवारीमा सेफभित्र दोहोरो साँचो भएको ताला र लाहाछाप लगाई सुरक्षित रुपमा राख्नु पर्नेछ ।

तर माष्टर डाई कामको लागि प्रयोगमा ल्याउँदा सम्बन्धित फाँट प्रमुखको जिम्मेवारीमा रहनेछ ।

---

♦ प्रथम संशोधन २०६६ द्वारा संशोधित

♦(२) टकमरी कार्यको लागि झिकिएको अवस्थामा बाहेक अन्य समयमा वर्किङ्ग डाई टक्सार महाशाखाका उप-प्रमुख र फाँट प्रमुखको संयुक्त जिम्मेवारीमा सेफभित्र दोहोरो साँचो भएको ताला र लाहाछाप लगाई सुरक्षित रुपमा राख्नु पर्नेछ ।

तर वर्किङ्ग डाई काममा प्रयोगमा ल्याउँदा सम्बन्धित फाँट प्रमुखको जिम्मेवारीमा रहनेछ ।

१०. **नोट तथा सिक्काको डिजाइन तयार गर्ने** : (१) ऐन बमोजिम बैंकले निष्काशन गर्ने विभिन्न दरका नोट तथा सिक्काहरुको डिजाइन तयार गरी समिति समक्ष सिफारिस पेश गर्न देहाय बमोजिमको डिजाइन समिति हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | गभर्नर | - | अध्यक्ष |
| (ख) | डेपुटी गभर्नर दुई जना | - | सदस्य |
| ♦(ग) | प्रतिनिधि (भाषाविद), नेपाल प्रज्ञा प्रतिष्ठान | - | सदस्य |
| (घ) | प्रतिनिधि (पुरातत्वविद), नेपाल सरकार पुरातत्व विभाग (राजपत्राकित प्रथम श्रेणी वा सो सरह) | - | सदस्य |
| ♦(ङ) | प्रतिनिधि (वन्य जन्तु विशेषज्ञ), नेपाल सरकार वन्य जन्तु संरक्षण विभाग (राजपत्रांकित प्रथम श्रेणी वा सो सरह) | - | सदस्य |
| (च) | प्रतिनिधि (इतिहासविद), त्रिभुवन विश्व विद्यालय (कम्तीमा प्राध्यापक) | - | सदस्य |
| (छ) | बैंकले तोकेको नेपाली नोट तथा सिक्का विशेषज्ञ एकजना | - | सदस्य |
| ♦(ज) | प्रमुख, मुद्रा व्यवस्थापन विभाग | - | सदस्य-सचिव |
| ♦(झ) | ............... | | |

♦(२) ..............

(३) उप-नियम (१) बमोजिमको डिजाइन समितिमा नोट तथा सिक्का सम्बन्धी विशेषज्ञलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

११. **बैठक तथा निर्णय** : (१) डिजाइन समितिको अध्यक्षता गभर्नरले गर्नेछ ।

(२) डिजाइन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

♦(३) गभर्नरको आदेशमा डिजाइन समितिको बैठक सदस्य-सचिवले बोलाउने छ ।

(४) डिजाइन समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बहुमतको निर्णय डिजाइन समितिको निर्णय मानिनेछ । कुनै प्रस्तावको पक्ष र विपक्षमा मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) डिजाइन समितिको प्रत्येक बैठकमा उपस्थित सदस्यहरुको नाम, छलफल भएको विषयवस्तु र बैठकमा भएका निर्णयहरु निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरुको सहिछाप गराई राख्नु पर्नेछ ।

♦(७) डिजाइन समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

---

♦ प्रथम संशोधन २०६६ द्वारा संशोधित

♦ प्रथम संशोधन २०६६ द्वारा हटाईएको

(८) डिजाइन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) डिजाइन समितिका पदाधिकारीहरुले सो समितिको बैठकमा उपस्थित भई कार्य गरे बापत बैंकका संचालकहरुले पाए सरहको बैठक भत्ता पाउने छन् ।

१२. **डिजाइन समितिको काम, कर्तव्य र अधिकार** : (१) नोट तथा सिक्काको डिजाइन तयार गरी समिति समक्ष स्वीकृतिको लागि सिफारिस गर्ने सम्बन्धमा डिजाइन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बैंकले निष्काशन गर्ने विभिन्न दरका नयाँ नोट तथा सिक्काहरुको डिजाइन छनौट गर्ने,

(ख) चलनचल्तीमा रहेका नोट तथा सिक्काहरुको डिजाइनमा केही परिवर्तन गर्न आवश्यक भएमा त्यस्तो परिवर्तन गर्ने,

(ग) नोट तथा सिक्कामा रहने प्राकृतिक सम्पदा, मन्दिर, देवीदेवता, पशुपंक्षी आदिको चित्र चयन गर्ने, नोट तथा सिक्काको आकार र नोट लम्बाइ, चौडाइ निर्धारण गर्ने,

(घ) नोट तथा सिक्कामा छापिने अङ्क, अक्षर तथा शब्दहरु चयन गर्ने र सोको शुध्दता निर्धारण गर्ने,

(ङ) नोटको रङ्ग तथा रङ्गको मिश्रण र सिक्काको धातु तथा धातुहरुको मिश्रण किटान गर्ने,

(२) नोट तथा सिक्काको डिजाइन सम्बन्धमा समितिले तोकेका अन्य आवश्यक कामकारवाहीहरु गर्ने ।

१३. **कार्य व्यवस्था समिति** : नोट छपाई तथा सिक्का टकमरी सम्बन्धी कार्यको लागि देहाय बमोजिमको एउटा कार्य व्यवस्था समिति हुनेछ :-

♦(क) प्रमुख, मुद्रा व्यवस्थापन विभाग - संयोजक

(ख) प्रमुख, वित्त व्यवस्थापन विभाग - सदस्य

(ग) प्रमुख, सामान्य सेवा विभाग - सदस्य

♦(घ) प्रमुख, संस्थागत योजना विभाग - सदस्य

♦(ङ) प्रमुख, बैंकिङ्ग कार्यालय - सदस्य

♦(च) प्रमुख, कानून महाशाखा - सदस्य

♦(छ) उप-प्रमुख, मुद्रा व्यवस्थापन विभाग वा
प्रमुख, टक्सार महाशाखा - सदस्य

---

♦ प्रथम संशोधन २०६६ द्वारा संशोधित

♦(२) ..............

(३) उप-नियम (१) बमोजिम गठन भएको समितिमा नोट सम्बन्धी कार्यमा मुद्रा व्यवस्थापन विभागको उप-प्रमुख र सिक्का सम्बन्धी कार्यमा टक्सार महाशाखाको प्रमुखले सचिवको कार्य गर्नेछ । संयोजकको अनुमति लिई समितिको बैठक बोलाउने, आवश्यक कागजात तयार गराउने, समितिको निर्णय तयार गर्ने र सो निर्णय कार्यान्वयन गर्ने गराउने कर्तव्य सचिवको हुनेछ ।

♦(४) .............

(५) उप-नियम (१) बमोजिम गठित कार्य व्यवस्था समितिमा आवश्यकतानुसार बढीमा दुईजनासम्म विषयसँग सम्बन्धित विज्ञलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

१४. **बैठक तथा निर्णय** : (१) कार्य व्यवस्था समितिको अध्यक्षता संयोजकले गर्नेछ ।

(२) कार्य व्यवस्था समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) संयोजकको आदेशमा कार्य व्यवस्था समितिको बैठक सचिवले बोलाउने छ ।

(४) कार्य व्यवस्था समितिको कूल सदस्य संख्याको कम्तीमा पचहत्तर प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बहुमतको निर्णय कार्य व्यवस्था समितिको निर्णय मानिनेछ । कुनै प्रस्तावको पक्ष र विपक्षमा मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) कार्य व्यवस्था समितिको प्रत्येक बैठकमा उपस्थित सदस्यहरुको नाम, छलफल भएको बिषयबस्तु र बैठकमा भएका निर्णयहरु निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरुको सहिछाप गराई राख्नु पर्नेछ ।

(७) कार्य व्यवस्था समितिको निर्णय समितिको सचिवले प्रमाणित गर्नेछ ।

(८) कार्य व्यवस्था समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) कार्य व्यवस्था समितिका पदाधिकारीहरुले सो समितिको बैठकमा उपस्थित भई कार्य गरे बापत पाउने बैठक भत्ता गभर्नरले तोके बमोजिम हुनेछ ।

१५. **कार्य व्यवस्था समितिको काम, कर्तव्य र अधिकार** : (१) कार्य व्यवस्था समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नोट छपाउन तथा सिक्का टकमरी गर्न र नोट तथा सिक्कासँग सम्बन्धित उपकरण खरिद गर्न आवश्यक कागजात तयार गर्ने आवश्यकता अनुसार कोटेशन तथा टेण्डर आव्हान गर्ने,

(ख) माग गरिएको कोटेशन वा टेण्डर खोली त्यस्ता कोटेशन वा टेण्डरहरुको विश्लेषण तथा मूल्याङ्कन गर्ने,

(ग) खण्ड (क) र (ख) का सम्बन्धमा राय सहित स्वीकृतिको लागि सम्बन्धित डेपुटी गभर्नर मार्फत गभर्नर समक्ष सिफारिस गर्ने,

---

♦ प्रथम संशोधन २०६६ द्वारा हटाईएको

(घ) नोट छपाई तथा सिक्का टकमरीका सम्बन्धमा नोट तथा सिक्काको प्रुफ हेर्ने र प्रुफ ठीक छ वा छैन जाँची ठीक छ भने स्वीकृति प्रदान गर्ने,

(ङ) बैंकमा बिभिन्न समयमा प्राप्त हुन आउने नक्कली (जाली) नोटहरु रुजू गरी धुल्याउने र सिक्काको हकमा नष्ट गर्ने,

(च) नोट छपाई वा सिक्का टकमरीको सिलसिलामा बैंकमा प्राप्त हुने बिभिन्न किसिमका प्रुफ नोट तथा सिक्काहरु, नमूना नोट तथा सिक्काहरु, नोट छपाई गर्ने प्लेट वा सिक्का टकमरी गर्ने डाई, छपाई वा टकमरीसँग सम्बन्धित अन्य सामग्रीहरु रुजू गरी धुल्याउने वा नष्ट गर्ने,

♦(छ) मुद्राको मागको आधारमा आपूर्ति गर्नु पर्ने नोटको पर्याप्त मौज्दात राख्न बिभिन्न दरका नोट छपाई तथा सिक्का टकमरीको लागि आवश्यक परिमाण सहितको गुरु योजना तथा समय तालिका बनाउने र सो गुरु योजना तथा समय तालिकाको आधारमा नोट छपाई तथा सिक्का टकमरी गर्न डेपुटी गभर्नर मार्फत गभर्नर समक्ष सिफारिश गर्ने ।

(२) नेपाल वाहिर छपाई भएको नोट तथा टकमरी भएको सिक्काको हकमा नोट छपाई गर्ने प्लेट वा सिक्का टकमरी गर्ने डाई नष्ट गर्न बैंकले कार्य व्यवस्था समितिको एक जना सदस्य र सम्बन्धित विभागका एक जना कर्मचारीलाई प्रतिनिधि खटाइनेछ । बैंकका प्रतिनिधिहरुले सम्बन्धित कम्पनीमा गई नोटको हकमा प्लेट, छपाई विग्रेको नोट, बढी छपाई भएको नोट, बढी भएको कागज र सोसँग सम्बन्धित अन्य सामाग्री र सिक्काको हकमा माष्टर डाई र वर्किङ्ग डाई नष्ट गर्नु पर्नेछ । प्रतिनिधिहरुले यसरी नष्ट गरेको सामाग्रीको विवरण खुल्ने मुचुल्का सहितको प्रतिवेदन कार्य व्यवस्था समितिमा पेश गर्नु पर्नेछ ।

१६. **नोट वा सिककाको बिक्री मूल्य** : (१) नोट वा सिक्काको अंकित मूल्य जतिसुकै भए तापनि बैंकले देहाय बमोजिमका नोट वा सिक्काहरुको अंकित भन्दा बढी मूल्य तोकी बिक्री वितरण गर्न सक्नेछ :-

(क) नेपाल अधिराज्य बाहिर निर्यात गर्ने प्रयोजनको लागि माग भएका नोटहरु,

(ख) बिदेशमा वा टक्सार विभागमा टकमरी गरी निष्काशन गरिएको स्मारिका सिक्का वा त्यस्तो सिक्काको सेट,

(ग) चलनचल्तीका सिक्का वा सिक्काहरुको सेट,

(घ) चलनचल्तीमा रहेका तर निष्काशन हुन छाडेका पुराना सिक्का वा स्मारिका सिक्का ।

(२) उप-नियम (१) बमोजिम नोट वा सिक्का बिक्री वितरण गर्दा नोट विभाग वा टक्सार विभाग वा बैंकले स्वीकृति दिएको कार्यालय वा निकाय मार्फत मात्र बिक्री गर्न गराउन सकिनेछ ।

१७. **मुद्रा निकासी गर्ने** : (१) आवश्यक ठानेमा बैंकले नोट वा सिक्का निकासी गर्न सक्नेछ ।

(२) नोट वा सिककाको निकासी मूल्य कायम गर्दा बैंकले आवश्यक देखेका खर्चहरु समेत समावेश गरी कायम गर्नु पर्नेछ ।

---

♦ प्रथम संशोधन २०६६ द्वारा थप गरिएको

१८. **स्मारिका सिक्का टकमरी गर्न स्वीकृति दिने** : ◆(१) नेपाल सरकारको स्वीकृति लिई बैंकले विदेशी केन्द्रीय बैंक, टक्सार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट माग भइआएमा नेपालका प्राकृतिक सम्पदा, मन्दिर, देवीदेवता, पशुपंक्षी, ऐतिहासिक तथा साँस्कृतिक धरोहर आदिको चित्र अंकित नेपाली स्मारिका सिक्का टकमरी गर्न विदेशी केन्द्रीय बैंक वा टक्सारलाई आवश्यक स्वीकृति प्रदान गर्न सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम सिक्का टकमरी गर्ने स्वीकृति प्रदान गर्नु अघि त्यस्तो स्वीकृति प्रदान गर्न लागिएका सिक्काको डिजाइन, डिजाइन समितिबाट सिफारिस गराई समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उप-नियम (२) बमोजिमको स्वीकृतिका लागि समितिमा पेश हुन आएको विषय उपर समितिले निर्णय गर्दा त्यस्ता सिक्काको टकमरीबाट नेपालको पर्यटन प्रवर्द्धन हुन सक्ने व्यहोरा यकिन गरी त्यस्तो सिक्काको विदेशी केन्द्रीय बैंक, टक्सार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट बिक्री वितरण हुने अनुपातमा बैंकले प्राप्त गर्नु पर्ने रोयल्टीको समेत यकिन गरी निर्णय गर्नु पर्नेछ ।

१९. **खारेजी र बचाउ** : (१) नेपाल राष्ट्र बैंक मुद्रा नियमहरु, २०४८ खारेज गरिएको छ ।

(२) नेपाल राष्ट्र बैंक मुद्रा नियमहरु, २०४८ अन्तर्गत भए गरेका सबै काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

---

◆ प्रथम संशोधन २०६६ द्वारा संशोधित